जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक १० २०८० साल असोज १४ गते आइतवार (1 Oct 2023 Sunday) मूल्य रु. ७/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा सांँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** भ्रष्टाचार मुद्दामा अख्तियारको ... **पृष्ठ ३ मा :** नेपालले अपनाउन सक्ने स्वतन्त्र ... **पृष्ठ ४ मा :** मोहम्मद पैगम्बरको जन्म ... **पृष्ठ ५ मा :** लाखौं मुल्य बराबरको चाँदीका ...

## छिन्नमस्ता सखडा शक्तिपीठमा सन्ध्याकालिन गंगा आरती शुभारम्भ



**राजविराज**/हिन्दुहरुको महान चाड वडा दशैं आउन दुई साता बाँकी रहँदा नेपालकै प्रसिद्ध सप्तरीको छिन्नमस्ता सखडा शक्तिपीठमा शुक्रबार साँझदेखी सन्ध्याकालिन गंगा आरती शुभारम्भ गरिएको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित गंगासागर पोखरीमा हुने प्रसिद्ध गंगा आरतीपछिको सप्तरीको छिन्नमस्ता सखडा शक्तिपीठमा आरती सुरु भएको दोश्रो हो ।

भारतको बनारस र कुशेश्वरबाट ५ जना आरती सम्बन्धी विशेष तालिम प्राप्त गरेकाहरुबाट विधिवत पूजापाठ गरि शुभारम्भ गरिएको हो । आरती शुभारम्भको अवसरमा मधेश प्रदेश सभासदस्य सतिशकुमार सिंह, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापा, सुरक्षा निकायका प्रमुख तथा स्थानीयहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा छिन्नमस्ता गाउँपालिकास्थित शक्तिपीठका पीठाधिश महाकान्त ठाकुरले आरती शुभारम्भ पश्चात् दैनिक रुपमा हुने जानकारी दिए ।

उनले मन्दिरको मूलगेट अगाडि आरती शुरू गरिएको र केही दिनपछि पाखेरीको दक्षिणपट्टी बनाइएको आरती स्थलमा हुने जानकारी दिए । अन्य ठाउँभन्दा विशेष तरिकाले आरती शुरू भएको बताउँदै पीठाधिश ठाकुरले प्रत्येक दिन उक्त आरतीमा सहभागी हुन सबैसँग अनुरोध समेत गरेका छन् ।

## उचित मूल्य नपाउँदा किसानमा निराशा : मन्त्रि यादव

**राजविराज**/मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्रि महेश प्रसाद यादवले किसानहरुले गरेको उत्पादनको उचित मूल्य नपाएका कारण उनीहरुमा निराशा बढेको बताएका छन् ।

राष्ट्रिय कृषक समूह महासंघ सप्तरीले शनिवार आयोजना गरेको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवको सम्मान तथा बिदाई समारोहलाई शनिबार सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

विगतको प्रदेश सरकारले नयाँ अनुभवको रुपमा व्यवस्थापकीय काममा नै बढी समय बिताउनु परेको बताएका मन्त्री यादवले आफुहरुको दोश्रो कार्याकालको सरकारले किसानका लागि नीतिगत कार्यक्रम ल्याएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

मधेशका जिल्ला मध्ये कृषिमा उत्कृष्ट कार्य गरेर पनि कम बजेट पाएको प्रति आफ्नो ध्यानाकर्षण भएको बताउँदै उनले अब सप्तरीका कृषि क्षेत्रमा पनि उचित बजेटका लागि आफुले पहल गर्ने बताए ।

बिदाई समारोहमा सेवा निवृत कार्यालय प्रमुख राजेन्द्र प्रसाद यादवले कार्यालयका कर्मचारीदेखि सहयोगी सबैको मायाले सधै सम्झाइरहने बताए ।



उनले यहाँका किसान निर्वाहमुखी खेतीपाती गर्दै आएको भन्दै यसले किसानको जीवनस्तरमा सुधार नल्याउने बताए ।

सरकारले अन्य जिल्लाको तुलनामा कृषि क्षेत्रमा सप्तरीमा कम लगानी गरेको उनको गुनासो छ । कृषि उत्पादन वृद्धिका लागि ९९ प्रतिशत काम गरेको

*बाँकी पाँच पृष्ठमा*

## बोरामा शव फेला

**राजविराज**/सप्तरीको खड्क नगरपालिकास्थित एक पोखरीमा शनिबार बोरा भित्र शव फेला परेको छ ।

खडक नगरपालिकाको वडा नं. ११ बनौलिस्थित निजी पोखरीमा अन्दाजी २२ वर्षका एक युवकको शव फेला परेको प्रहरीले जनाएको छ ।

हाल शवको बारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिएका छन् ।

## झरीले गर्मीबाट राहत



**राजविराज**/केही दिन यता टनटलापुर घामसँगै बढेको अत्याधिक गर्मीले जनजीवन कष्टकर बनाइरहेको बेला शनिबार भएको वर्षाले सर्वाीधारणले राहत महसुस गरेका छन् ।

विगत दुई सातादेखी प्रचण्ड गर्मीले कष्टकर दैनिक बिताउन बाध्य सर्वसाधारणलाई बिहानदेखी भएको वर्षाले निकै राहत महसुस भएको छ । केही दिन यता यहाँको तापक्रम ३५ देखी ३८ सम्म पुगेपछी जनजीवन अस्तव्यस्त

*बाँकी पाँच पृष्ठमा*

लम्पी स्किन रोगबाट बचाउने उपायहरु

पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:
➢झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं।
➢तीन महिना भन्दा बढी उमेर समूहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं।
➢गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
➢रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं।
➢संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं।
➢अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं।
➢मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
➢पशुचिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

डेँगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

*यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

डाक्नेश्वरी नगरपालिकाको कार्यालय, पातो, सप्तरी

## सम्पादकीय

### बेरोजगारी समस्या समाधानतर्फ ध्यान पुगोस्

रोजगारको अवस्था सृजना हुन नसक्दा अहिले यूवाहरु विदेश पलायन हुने दिनप्रति दिन बढ्दै गएको छ । जसकारण अहिले मुलुकमा बेरोजगारी समस्याले जडो गाड्दै गएको छ । देश विकासका लागि युवा शक्तिलाई अहम मानिन्छ । तर हाम्रो देशका यूवाहरु आफ्नो देशमा नभइकन अन्य मुलुकमा श्रमदान गर्न बाध्य छन् । समाजमा कुनै परिवर्तन ल्याउनका लागि अहिलेको परिवेशमा यूवाहरु नै उत्तम विकल्प समेत रहेको छ । उनीहरुको जोश, जागर र महिनेतले सामाजमा परिवर्तन ल्याउन सक्छ ।

देश निर्माणदेखी आन्तरिक कार्यहरुमा यूवाहरुको महत्वपूर्ण भुमिका हुनेकुरा अहिले नेताहरुले बिर्सेका छन् । मात्र यूवाहरुलाई राजनैतिक दलहरुले आफ्नो स्वार्थपूर्तीका लागि आन्दोलनमा प्रयोग गर्न उचित हुँदैन् । समाज, टोल, नगर, गाउँ, जिल्ला, प्रदेश वा राष्ट्रको विकासमा यूवा जनशक्तिलाई परिचालन गरेर विकासीय कार्यलाई समेत तिब्रता दिन सकिन्छ । उनीहरुलाई उचित प्रशिक्षण दिएर सीपमुलक कार्यमा लगाएमा समाज परिवर्तनको सम्वाहकको रुपमा प्रयोग गर्न सकिन्छ ।

स्वदेशमै रोजगारीको अवसर सृजना गरेर युवाहरुको सीपको सदुपयोग गर्न सक्नु पर्छ । तसर्थ यूवाहरु समाज परिवर्तनका लागि एउटा उचित माध्यम रहेकाले उनीहरुलाई यसका लागि तीनै तहका सरकारले राजगारीको विकल्पलाई खुलाउन गम्भिरतापूवर्क लाग्नु पर्ने आवश्यकता रहेको छ ।

# शम्भुनाथका मेयर र इन्जिनियर भ्रष्टाचार मुद्दामा दोषि ठहर

# भ्रष्टाचार मुद्दामा अख्तियारको फन्दामा परेका सप्तरीका चार मध्ये दुई पालिका प्रमुख दोषि ठहर



भ्रष्टाचार मुद्दामा दोषि ठहर भएका शम्भुनाथ नगरपालिकाका मेयर जितेन्द्र प्रसाद गुप्ता



भ्रष्टाचार मुद्दामा दोषि ठहर भएका राजविराज नगरपालिकाका मेयर भिमराज यादव



आतेशकुमार सिंह यादव निलम्बित प्रमुख बोदेबरसाइन नगरपालिका



उमेश प्रसाद यादव निलम्बित अध्यक्ष विष्णुपुर गाउँपालिका

**राजविराज**/भ्रष्टाचार मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको फन्दामा परेका सप्तरीका चार मध्ये दुई पालिका प्रमुख विशेष अदालतबाट दोषि ठहर भएका छन् भने दुई प्रमुखको मुद्दा अदालतमा दायर भइसकेको छ ।

पछिल्लो पटक सप्तरीको शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्रप्रसाद गुप्ता र इन्जिनियर रामचन्द्र साह भ्रष्टाचार मुद्दामा दोषि ठहर भएका छन् ।

विशेष अदालतको शुक्रबारको इजलाशले नगर प्रमुख गुप्ता र इनजिनियर साहलाई भ्रष्टाचार मुद्दामा दोषि ठहर गर्दै जनही ६/६ महिना कैद र ७० हजार जरिवानाको समेतको फैसला गरेको विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले जानकारी दिएका छन् ।

विशेष अदालतका न्यायाधीश यमुना भट्टराई, बलभद्र बास्तोला र डा. खुशी प्रसाद थारूको संयुक्त इजलासले दुवैलाई दोषी ठहर गरेको हो ।

अख्तियारको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले गत माघ ३ गते इन्जिनियर साहलाई एक विद्यालयको निर्माण कार्य सम्पन्न पश्चात् एक लाख ४० हजार रुपैयाँ घुस लिएको अवस्थामा पक्राउ गरेको थियो ।

इन्जिनियर साहलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको अख्तियारले नगर प्रमुख गुप्ताको पनि संलग्नता पाएपछि उनी समेतलाई विपक्षी बनाई विशेष अदालतमा आरोपपत्र दायर गरेका थिए । दुवै जनालाई बिगो एक लाख ४० हजार कायम गरी विशेष अदालतमा आरोपपत्र दायर गरिएको थियो ।

इन्जिनियर साहको बयान र मेयर गुप्ताको घुस माग गरेको अडियो फेला परेपछि गुप्ता पनि पक्राउ परेका थिए ।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादवलाई विशेष अदालतले दोषि ठहर गरेको थियो । प्रमुख यादवको नाममा रहेको कम्पनीले राजविराजस्थित राजरंगशालाको स्तरोन्नति कार्यमा अनियमितता गरेको भन्दै २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन् । पदभार ग्रहण गरेको दुई महिना नपुग्दै २०७९ असार २९ गते राजविराज नगरपालिकाका नगर प्रमुख भीमराजमाथि आयोगले मुद्दा दायर गरेको थियो ।

हाल निलम्बित अवस्थामा बोदेबरसाइन नगरपालिकाका नगर प्रमुख आतेशकुमार सिंह यादव र विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव छन् ।

गत आर्थिक वर्षको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत बाखा व्यवसायी पकेट कार्यक्रमका लागि छुट्याइएको रकम कामै नगरी भुक्तानी गरेको आरोपमा बोदेवरसाइन नगरपालिकाका प्रमुख यादवसहित ८ जना विरुद्ध अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

नगर प्रमुख सिंहसहित निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, पशु विकास अधिकृत (अधिकृत छैटौं) अर्जुन प्रसाद यादव, लेखापाल सरोज कुमार मंडल, तत्कालीन वडा अध्यक्ष रामानन्द चौधरी, नगरपालिकाको तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगत, माँ जगदम्बा कृषक समुहका अध्यक्ष राधेश्याम कुमार साह र कोषाध्यक्ष निलम कुमारी शर्मा विरुद्ध अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

बोदेबरसाइन नगरपालिकाले बाखा व्यवसायी पकेट कार्यक्रमका लागि वडा नं ६ फुलकाहीको माँ जगदम्बा कृषक समूहसँग सम्भौता गरेको थियो । तर नक्कली बिल भर्पाई र झुठा बिल बनाएर १४ लाख ७१ हजार ९ सय २१ रुपैयाँ नगरपालिकाले भुक्तानी गरेको अख्तियारको दाबी छ ।

यस्तै जिल्लाको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवलाई घुससम्बन्धी प्रकरणमा अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ । गत साउन ३१ गते सोलार बत्ति सम्बन्धी एक योजनामा २ लाख नगद र ३ लाखको चेक घुसवापत लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर वीरेन्द्र यादवलाई आयोगको इटहरीस्थित कार्यालयको टोलीले राजविराजस्थित गजेन्द्र चौकको एक बस बुकिङ काउन्टरबाट नियन्त्रणमा लिएको थियो । पक्राउ परेका दुवै जनाको बयानको आधारमा घुस प्रकरणमा गाउँपालिका प्रमुख यादवको समेत संलग्नता रहेको भन्दै अख्तियारले उनीसमेत गरि तीन जना बिरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

गत स्थानीय तह निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) बाट बोदेबरसाइन नगरपालिका नगरप्रमुख आतेशकुमार सिंह यादव, राजविराज नगरपालिकाका नगर प्रमुखमा भिमराज यादव र विष्णुपुर गाउँपालिकामा अध्यक्ष उमेशकुमार यादव निर्वाचित भएका थिए भने शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्र प्रसाद गुप्ता नेकपा (एकिकृत समाजवादी)बाट निर्वाचित भएका थिए ।

# छिमेकी युवकद्वारा दलित किशोरी बलात्कृत

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ की १६ वर्षिया एक दलित किशोरी आफ्नै छिमेकी युवकबाट बलात्कृत भएकी छिन् ।

पीडित पक्षले बुधबार प्रहरीमा उजुरी दिएपछि घटनाको ९ दिनपछि उक्त घटना सार्वजनिक भएको हो । सोही वडा निवासी २४ वर्षिय महेशकुमार साहले बलात्कार गरेको उजुरीमा उल्लेख छ ।

असोज ३ गते भएको उक्त घटना गाउँघरमा ढाकछोपको प्रयास तथा घटना मिलाउन दवाब दिँदा ढिलो गरी प्रहरी समक्ष आइपुगेको प्रहरीको भनाई छ ।

प्रहरीका अनुसार असोज ३ गते रातीको समयमा साहले ती किशोरीलाई विभिन्न बहानामा बोलाई गाई गुहालीमा लगि बलात्कार गरेको खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले किशोरीलाई बलात्कार गर्ने महेश र बलात्कारको घटना मिलाउन दबाव दिने अर्का एक युवक प्रहरीमा उजुरी परेको थाहा पाएपछि फरार भएका छन् ।

किशोरीका आफन्तले महेश र घटना मिलाउन दावब दिने व्यक्ति बिरुद्ध किटानी जाहेरी समेत दिएका छन् । किशोरीको स्वास्थ्य परिक्षणबाट पनि बलात्कारको पुष्टि भएको भन्दै प्रहरीले घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालले अपनाउन सक्ने स्वतन्त्र र सन्तुलित कूटनीति के हुन् ?

**काजी गुरुङ**

परराष्ट्र नीति र कूटनीतिलाई कुनै पनि मुलुकको राष्ट्रिय स्वार्थ अथवा हितलाई संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख उपकरणका रूपमा लिने गरिन्छ । राज्यले बाह्य विश्वसँग अथवा अन्तर्राष्ट्रिय जगत्मा कुन मान्यता र सिद्धान्तका आधारमा कस्तो व्यवहार प्रस्तुत गर्ने भन्ने विषय विदेश नीति र कूटनीतिसँग सम्बन्धित रहन्छ । परराष्ट्र नीति सैद्धान्तिक मान्यता हो भने कूटनीति त्यसको जगमा गरिने राष्ट्रको व्यवहार हो अथवा विश्व समुदायसँग राष्ट्रिय हित अनुकूलको सम्बन्ध निर्माण गर्ने राज्यको कला हो । विदेश नीति गतिशील हुन्छ । यो राष्ट्रिय स्वार्थको सर्वोच्चता र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा निर्भर गर्दछ ।

नेपालको संविधान धारा ५१ को 'राज्यका नीति'ले परराष्ट्र मामिलामा बोलेको छ । जसको उपधारा (ड) को १ मा 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरी हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने' र (२) मा 'विगतमा भएका सन्धिको पुनरवलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धि-सम्झौता गर्ने' उल्लेख छ ।

यसरी संवैधानिक र सैद्धान्तिक दृष्टिकोणबाट वर्तमान सन्दर्भमा नेपालले अवलम्बन गर्नुपर्ने परराष्ट्र नीति वैज्ञानिक, व्यावहारिक र सुस्पष्ट रहे पनि कूटनीतिक कुशलता र परिचालनको पाटोमा भने निर्विवाद र प्रश्नरहित बन्न सकिरहेको अवस्था छैन । ऐतिहासिक रूपमा हेर्दा आधुनिक नेपालको एकीकरण प्रक्रियासँगै पृथ्वीनारायण शाहले 'नेपाल दुई ढुङ्गा बीचको तरुल हो' (जुन सन्तुलित कूटनीतिको बलियो ऐतिहासिक स्रोत हो) भनेर भूराजनीतिको व्याख्या गरिसकेपछि त्यसको प्रभाव कूटनीतिमा पर्नु स्वाभाविकै छ । १०४ वर्षसम्म चलेको राणा शासनको समयमा नेपालले सञ्चालन गरेको कूटनीति भने एकलकाँटे थियो, जुन बेलायती सरकारको छत्रछायामा आश्रित थियो । २००७ सालमा प्रजातन्त्र स्थापना हुनुपूर्व नेपालको कूटनीतिक सम्बन्ध बेलायत, अमेरिका, भारत र फ्रान्स गरी चारवटा देशसँग मात्र थियो । बाँकी विश्वबाट नेपाल अलग थियो । राजनीतिक आन्दोलनद्वारा राज्य व्यवस्थामा परिवर्तन हुँदै आउने क्रममा विश्व समुदायमा नेपाल खुल्दै गयो । १६ फेब्रुअरी २०२३ सम्म आउँदा अफ्रिकी मुलुक मलावीसहित १७८ देशसँग नेपालको कूटनीतिक सम्बन्ध कायम भइसकेको छ ।

परराष्ट्र नीति निर्माणमा ऐतिहासिक शृङ्खला र अनुभव पनि जोडिएर आउँछ नै तर आजको भूमण्लीकृत पुँजीवादी बजार, बहुध्रुवीय विश्व, बदलिँदो विश्व शक्ति सन्तुलन, महाशक्ति राष्ट्रहरूको अस्वस्थ सामरिक रणनीतिक प्रतिस्पर्धाजस्ता संवेदनशील विषयले गर्दा अल्पविकसित र तेस्रो विश्व भनेर चिनिएका नेपाल जस्ता देशले भने कूटनीतिक चातुर्यतामार्फत नै आफ्नो राष्ट्रिय अस्मिता, सार्वभौमिकता, स्थायित्व र स्वतन्त्र व्यक्तित्वको रक्षा गर्न सक्छ ।

नेपालको परराष्ट्रनीतिको मूल आधार भनेको असंलग्नता, पञ्चशीलको सिद्धान्त, शक्ति सन्तुलन र भौगोलिक दूरी आदि हुन् । कूटनीतिसँग सम्बन्धित भियना महासन्धि (१९६१) को पक्ष राष्ट्र भएको नेपालले उक्त महासन्धिले व्यवस्था गरेका पाँच कूटनीतिक कार्यहरूलाई आत्मसात गरेको पाइन्छ । पाँच कूटनीतिक कार्यहरू निम्न छन् : १) विदेशमा आफ्नो राष्ट्रको प्रतिनिधित्व गर्नु । २) अन्तर्राष्ट्रिय कानुनको व्यवस्थाअनुसार विदेशमा आफ्नो नागरिकको हित रक्षा गर्नु । ३) अन्य राज्यसँग विभिन्न विषयमा वार्ता गर्नु । ४) परिस्थितिको जानकारी प्राप्त गरी आफ्नो देशमा यसको सूचना र प्रतिवेदन पठाउनु । ५) प्रेषक तथा ग्रहणकर्ता मुलुकका बीच आर्थिक सांस्कृतिक र वैज्ञानिक क्षेत्रमा मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्नु ।

त्यसैगरी नेपालको परराष्ट्र नीति सञ्चालनको अर्को प्रमुख आधार असंलग्नता अन्तर्गत इन्डोनेसियाको वाङडुङ सम्मेलनले पारित गरेको पञ्चशीलको सिद्धान्त हो । जसमा एकअर्काको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नु, एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्नु, शान्तिपूर्ण सह-अस्तित्व, समानता र पारस्परिक लाभ, आक्रमणजस्ता सैद्धान्तिक मान्यता रहेका छन् । नेपालले भूगोल, जनसङ्ख्या र अर्थतन्त्रले शक्तिशाली दुई छिमेकी देश चीन र भारत जसबाट नेपालको चारैतिरको सिमाना घेरिएको छ, उनीहरूसँग भने समदूरीको आधारमा परराष्ट्रनीति सञ्चालन गर्ने सैद्धान्तिक मान्यता अँगालेको छ । अन्य विश्व समुदायसँग भने मैत्रीपूर्ण सम्बन्धको आधारमा परराष्ट्रनीति सञ्चालन गर्ने मान्यता राखेको छ ।

विश्व महाशक्तिको बदलिँदो चरित्र, भूमण्डलीकृत विश्व बजार, बढ्दो अर्थराजनीतिक र सैन्य ध्रुवीकरण आदि जस्ता नयाँ परिवेश निर्माण हुँदै गइरहेको सन्दर्भमा नेपालको आर्थिक विकास र समृद्धिका लागि परराष्ट्रनीति सञ्चालनका मान्यतामा पुनर्विचार गर्नुपर्ने बहस पनि उठ्ने गरेको पाइन्छ । उसो त संवैधानिक र सैद्धान्तिक मान्यता बमोजिम नेपालले कूटनीतिक कुशलता प्रदर्शन गर्न नसकेको पो हो कि भन्ने विषय नउठेको पनि होइनन् ।

कूटनीतिक नियोगका पदाधिकारीको राजनीतिक भागबन्डाका आधारमा नियुक्ति, सरकार परिवर्तनसँगै कार्यकाल पूरा नहुँदै राजदूतहरूको पनि परिवर्तन, भिन्नभिन्न राजनीतिक पार्टीको नेतृत्वको सरकार निर्माण भएसँगै मित्र राष्ट्र र अन्तर्राष्ट्रिय सम्बन्धको प्राथमिकतामा पनि भइरहने परिवर्तन, नेपालका लागि विदेशी महामहिमको बेलाबेला भइरहने कूटनीतिक मर्यादा विपरीतको गतिविधि, नेपाली पक्षकै पनि कूटनीति परिचालनमा देखिने पक्षधरताले कूटनीतिक असन्तुलन भयो भन्ने तर्कमा बल पुगिराखेको देखिन्छ ।

परराष्ट्र नीतिकै आधारमा वैदेशिक सम्बन्धहरू कायम गरिने र त्यो क्रममा थुप्रै दीर्घकालीन महत्त्वका सन्धि-सम्झौता पनि गर्दै अगाडि बढ्नुपर्ने राज्य सञ्चालनको प्रक्रियामा प्रजातन्त्र स्थापना भएपछिका जति पनि ठूला द्विपक्षीय सम्झौता भएका छन्, त्यसमा राष्ट्रिय एकता कायम हुन सकेको पाइँदैन । जनमनोविज्ञान एकातिर, सम्झौता अर्कातिर र परिणाम अन्त्यैतिर हुने शृङ्खलाले निरन्तरता पाइराख्दा पनि कूटनीति परिचालनमा समस्या आइरहेका छन् । सरकारले प्राथमिकता निर्धारण पनि सही ढङ्गबाट गर्न नसक्ने, शक्ति सन्तुलन पनि मिलाउन नसक्ने र कूटनीतिक कुशलता पनि प्रदर्शन गर्न नसक्नाले हामीले विश्व समुदायको विश्वास गुमाउँदै गइरहेका छौँ । गण्डक सम्झौता, कोशी सम्झौता, टनकपुर सम्झौता, महाकाली सम्झौता, बिप्पा सम्झौता, पछिल्लो समयको एमसीसी सम्झौता र बिआरआईसम्म आउँदा घरेलु राजनीति नै विखण्डित बन्ने, पार्टीहरू विभाजित हुने, पक्ष र विपक्षमा परराष्ट्र मामलाका जानकार पनि विभाजित बन्ने प्रक्रिया चलिराखेको छ । यस्तो दीर्घकालीन महत्त्वका विषयमा राष्ट्रिय सहमति बन्न नसकेपछि त्यसलाई स्थगित गर्ने वा जनताको प्रत्यक्ष जनमतद्वारा निकास खोज्ने विधि सरकारले अपनाउन सक्नुपर्थ्यो । यस्ता विषयमा दबाबका बीचमा निर्णय लिँदाको परिणाम देश र जनताले भोग्नुपर्ने तर अपनत्वको महसुस सबैले गर्न नसक्ने इतिहास दोहोरिरहने परिपाटीले देशकै कूटनीतिक ह्रास भइरहेको छ ।

सन् १९६२ को भारत-चीन युद्धमा नेपालले खेलेको तटस्थताको भूमिका, संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा नेपालले खेलिरहेको भूमिकालाई प्रसंशायोग्य मानिने गरिन्छ, तर असंलग्न परराष्ट्र नीतिको मान्यतामा अघि बढिरहेको नेपालले आफ्नै नागरिक बेलायती र भारतीय सेनामा भर्ती भई तेस्रो मुलुकको विरुद्धमा लडिरहेको तितो सत्य टुलुटुलु हेरिरहनुपरेको छ । किनकि ९ नोभेम्बर १९४७ मा भएको नेपाल, भारत र बेलायतबीचको त्रिपक्षीय सम्झौतामा नेपाल बाँधिएको छ । यसको पुनरवलोकनका लागि नेपालले कूटनीतिक पहल गर्ने सामर्थ्य राख्न सकेको देखिँदैन ।

अहिले कुनै सम्झौताबिनै रसिया-युक्रेन युद्धमा समेत नेपाली युवाहरू गैरकानुनी तबरले भाडाको सेनाको रूपमा प्रयोग भइरहँदा राज्यले आधिकारिक धारणा प्रस्ट पार्न सकिरहेको अवस्था छैन । २०७८ फागुन १५

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# एकै ब्यक्तीको चार घर जलेर नष्ट

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका एकै ब्यक्तीको चार घर जलेर नष्ट भएको छ ।

बिहीबार राती लामखुट्टे धपाउन बालिएको घुर सल्केर आगलागी वडा नं ५ जोगिनिया निवासी रोहीत रामको चारवटा घर जलेर नष्ट भएको हो ।

गाई गुहालीबाट सल्केको आगो फैलिएर रामको चार वटा घर खरानी भई झण्डै ७ लाख बराबरको क्षती भएको प्रहरीको प्रारम्भीक अनुमान छ ।

फुसको संरचना भएको घरमा विद्युतिय गतीमा आगो फैलिएपछि तत्काल नियन्त्रणको उपाय गर्न नसक्दा भाडाकुडा, खाद्यन्न, फनिचर, लताकपडा तथा २ वटा साइकल समेत जलेर खरानी भएको अग्नीपीडित रामले बताए ।

हनुमाननगर कंकालिनी नगरपालिकाको बारुणयन्त्र, स्थानीयवासी तथा प्रहरीको एक घण्टाको प्रयास पश्चात आगोमाथी नियन्त्रण कायम गरिएको प्रहरीले जनाएको छ । सानो गल्तीले ठूलो क्षति भएको भन्दै प्रहरीले जथाभावी आगो नबाल्न तथा आवश्यक सावधानी अपनाउन सबैसँग अनुरोध गरेको छ ।

## *नेपालले अपनाउन ...*

मा संसद्बाट पारित भई यही भाद्र १३ गतेबाट कार्यान्वयनमा गएको अमेरिकी परियोजना एमसीसी सम्झौता विकास साझेदारी मात्र हो कि विकाससहितको रणनीतिक साझेदारी हो भन्ने विषयमा राज्य नै स्पष्ट हुन सकेको देखिँदैन । यदि सम्झौताप्रति सरकार स्पष्ट हुन्थ्यो भने कि भौतिक पूर्वाधार निर्माणका लागि एक आर्थिक अनुदानको रूपमा सहर्ष स्वीकार गर्नुपर्थ्यो, सामरिक रणनीतिक स्वार्थसहित आएको अनुदान हो भने अस्वीकार गर्न सक्नुपर्थ्यो । बाह्रबुँदे व्याख्यात्मक टिप्पणी संसद्बाट पारित गरेर एमसीसी सम्झौता गरिसकेपछि भने नेपाल सरकार नै यो एउटा सैन्य रणनीीतिक उद्देश्यसहित आएको दबाबमूलक अनुदान हो कि भन्ने तर्कको नजिक भएको पुष्टि हुन पुग्छ र यसले झनै जनमनोविज्ञानमा ठूलो संशय पैदा गरेको छ ।

नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरू, नेपाल सदस्य भएका विश्व सङ्गठनका मूल्य-मान्यताहरू, द्विपक्षीय या बहुक्षीय सम्झौताहरू, नेपालको संविधान र ऐन-कानुनहरू, भौगोलिक अवस्थिति, नयाँ विश्व आर्थिक व्यवस्था, अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आदि नेपालको परराष्ट्र नीति सञ्चालनका स्रोतहरू हुन् । विश्व शान्तिको मान्यताका आधारमा नेपालको राष्ट्रिय हित र प्रतिष्ठालाई केन्द्रमा राखेर राष्ट्रिय सुरक्षा, स्थायित्व र राष्ट्रको स्वतन्त्र व्यक्तित्वको पहिचान कायम राख्दै विश्व समुदायसँग सुमधुर र मैत्रीपूर्ण सम्बन्ध निर्माण र विस्तार गर्ने उद्देश्य नेपालको परराष्ट्रनीतिको रहेको देखिन्छ । यही उद्देश्यकै आधारमा कूटनीति परिचालन गरिनुपर्छ ।

अब नेपालले अमेरिका, चीन, बेलायत, भारत, रसियाजस्ता शक्ति राष्ट्रहरूलाई मात्र प्राथमितामा राखेर परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्ने होइन, सँगसँगै ठूलो संख्यामा नेपाली नागरिक रोजगारीका लागि पुगेका मुलुक (एसियन खाडी)सँग पनि सुमधुर र कुशल कूटनीतिक सहकार्यको जरुरी बनेको छ । नेपालले आफ्नो नागरिकको हित संरक्षणका लागि पनि यी मुलुकलाई कूटनीतिक प्राथमिकताको महत्त्वपूर्ण सूचीमा राख्नुपर्ने देखिन्छ ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि विश्व समुदाय शीतयुद्धका क्रममा दुई धारमा विभाजित बनेको अवस्थामा पनि नेपाल कुनै पनि सैन्य गुटमा सामेल नभई गुट निरपेक्षता र असंलग्नताको पक्षमा उभियो । स्वतन्त्र र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्धलाई आत्मसात् गर्दै विभिन्न सकार र नकार अनुभवसहित नेपाल वर्तमानमा उभिएको छ र राजनीतिक हिसाबले आजसम्म कसैको पराधीन बन्न परेको छैन । विश्व शक्तिराष्ट्रहरू कमजोर मुलुकलाई आफ्नो प्रभावमा पारी अनुकूलतामा प्रयोग गर्ने चाहना त राख्छन्, तर हामीले आफ्नो स्वतन्त्र अस्तित्व र सार्वभौमिकतालाई संरक्षण गर्ने गरी कूटनीतिक कुशलता प्रदर्शन गर्न सक्नुपर्छ ।

नेपालको गरिबी, बेरोजगारी, अल्पविकास, राजनीतिक अस्थिरताजस्ता आफ्ना आन्तरिक समस्या प्रशस्त छन् । यसैमा विश्व शक्तिको रूपमा उदाउँदै गरेको चीन र ठूलो जनसङ्ख्या र भूगोलसहित आर्थिक उन्नति गरिरहेको भारतको बीचमा नेपाल रहनु, नेपालका दुई छिमेकीहरू एकअर्काको प्रतिस्पर्धीका रूपमा देखिनु, यहाँको भू-राजनीतिको कारण विश्वको पहिलो अर्थतन्त्र र बलियो सैन्य शक्ति भएको मुलुक अमेरिका लगायतको पश्चिमाको प्राथमिकता पनि यही क्षेत्रमा पर्नुले नेपाल सामरिक दृष्टिकोणबाट संवेदनशील भूगोलमा अवस्थित रहेको स्पष्ट छ ।

यो अवस्थामा राज्यको स्वतन्त्र व्यक्तित्वमाथि नै आँच आउने गरी कसैको पोल्टामा फस्ने गरी पक्षधरता देखाउनु वस्तुवादी र फलदायी हुन सक्दैन । अन्तर्राष्ट्रिय मञ्चमा राज्यले प्रतिनित्वि गर्दा विवादित विषयमा फस्नेभन्दा पनि विश्व शक्ति सन्तुलन र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर मत प्रकट गर्नुपर्दछ । सन् २०१४ मा रुस-क्राइमिया विषयमा संयुक्त राष्ट्रसंघको महासभामा अनुपस्थित भएर कसैको पक्षधरता नदेखाएको नेपालले वर्तमान रसिया-युक्रेन युद्धको सन्दर्भमा छिमेकी मुलुकहरू चीन र भारत संयुक्त राष्ट्रसंघको महासभामा मतदान प्रक्रियामा अनुपस्थित रहँदा समेत युक्रेनको पक्षमा मतदान गऱ्यो । कूटनीतिमा यसको दीर्घकालीन प्रभाव अवश्य देखिनेछ ।

वर्तमान विश्व व्यवस्था फेरि नयाँ शीतयुद्धको दिशातर्फ अग्रसर भइरहेको सन्दर्भमा, नयाँनयाँ आर्थिक र सैन्य ध्रुवीकरणहरू निर्माण हुने प्रक्रिया चलिरहेको परिवेशमा, विश्वको आर्थिक र सैन्य केन्द्र बिस्तारै अमेरिका र युरोपबाट एसियातिर सर्दै गरेको परिप्रेक्ष्यमा विभिन्न सैन्य गुटको तानातानमा पर्ने र कसै न कसैको पक्षधरता नेपालले लिने स्थिति बन्यो भने युक्रेन, अफगानिस्तानभन्दा हामी धेरै टाढा हुने छैनौँ । जुन दिन स्वतन्त्र राष्ट्रिय पहिचानको सङ्कट नेपालीले सामना गर्नुपर्नेछ र आजसम्म लड्नुनपरेको भौगोलिक स्वाधीनताको लडाइँ वर्षौंसम्म लड्नुपर्नेछ ।

तसर्थ, अन्तर्राष्ट्रिय मामिला र कूटनीतिक परिचालनमा राष्ट्रिय मतैक्यता कायम गर्दै असंलग्नता, पञ्चशीलको सिद्धान्त, विश्वशान्तिको मान्यता, संयुक्त राष्ट्रसंघको बडापत्र आदि मूल्यहरूको बोध गर्दै स्वतन्त्र र सन्तुलित कूटनीतिमार्फत असल कूटनीतिक कौशलता प्रस्तुत गरेर राष्ट्रिय स्वार्थको अधिकतम हित हुने गरी अन्तर्राष्ट्रिय जगतमा सहकार्य र सम्बन्ध विस्तार गर्दा नै नेपालको भलो हुनेछ । परराष्ट्र नीति र कूटनीति सञ्चालनमा राष्ट्रिय एकता, सहमति, सापेक्षित स्थायित्व र अविच्छिन्नता भने नेपालले अपनाउनु जरुरी छ । ( लेखक नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय प्रतिनिधि सदस्य हुन् ।) रातोपाटीबाट

# मोहम्मद पैगम्बरको जन्म जयन्ति मनाइयो



**राजविराज**/इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरको जन्म जयन्ति बिहीबार हर्षोल्लासका साथ मनाइएको छ ।

मुस्लिम समुदायका व्यक्तिहरु राजविराजस्थ्ति नुरीजामा मस्जिदमा भेला भई हिन्दु धर्मावलम्बीहरुको सहभागितामा सद्भाव ऱ्याली समेत निकालिएको थियो ।

मधेश प्रदेश सरकारले मोहम्मद पैगम्बरको जन्म जयन्ति मनाउन बिहीबार सार्वजनिक बिदा दिएपछि ऱ्यालीमा उल्लेख्य सहभागिता र उत्साह दुबै देखिएको मुस्लिम समाज राजविराजका अध्यक्ष मो. तैयब अन्सारीले बताए ।

सो सद्भाव ऱ्यालीमा राजविराज नगरपालिकाका (हाल निलम्बित) मेयर भिमराज यादव, कार्यवाहक मेयर इसरत परबिन, जसपाका युवा नेता लक्ष्मण यादव, प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङका साथै ठूलो संख्यामा हिन्दु धर्मावलम्बी समेत सहभागि भए ।

राजविराजमा विभिन्न स्थानबाट आएका मुस्लिम समुदायका युवा, युवती, बृद्धबृद्धा तथा बालबालिकाहरु बाजागाँजा र विभिन्न नाराका साथ नगर परिक्रमा गरे ।

इस्लामिक पात्रो हिजरी सम्वत्को रब्बि अब्बल महिनामा साउदी अरबको मक्कामा विबी अमिनाको कोखबाट हजरत मोहम्मदको जन्म भएको दिनको सम्झनामा जन्म जयन्ति मनाउने गरिएको मुस्लिम समाजका उपाध्यक्ष फैयाज अन्सारीले बताए ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा  मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

# लाखौं मुल्य बराबरको चाँदीका गरगहनासहित दुई पक्राउ



**राजविराज**/१७ लाख भन्दा बढी मुल्य बराबरको चाँदीका गरगहनासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको मिर्चैया नगरपालिका वडा नं. २ महदेवा निवासी १९ वर्षिय अशोक साह र सोही नगरपालिका वडा नं. १२ निवासी २४ वर्षिय बिनोद ठाकुर छन् ।

प्रहरीले उनीहरुलाई सप्तरीको बोदेबर्साइनबाट नगरपालिका वडा नं. ५ हुलाकी सडक खण्ड अन्तरगत खडक खोला पुलमा चेकजाच गर्ने क्रममा गरगहनासहित पक्राउ गरेको जनाएकोछ ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साइन तथा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको संयुक्त टोलीले चेक जाँचको क्रममा उनीहरुको साथबाट कालो झोलामा राखिएको १७ किलो ५ सय किलोग्रामको चाँदीका गरगहना बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए ।

प्रहरी टोलीले प्र.२-०१-००४प.०३५८ न.को मोटरसाइकलमा सवार दुबै जनालाई चेकजाँच गर्ने क्रममा पछाडी सवार विनोद कुमार ठाकुरले बोकेको कालो झोलाबाट १७ किलो ५ सय किलोग्राम १७ लाख ५० हजार मुल्य पर्ने चाँदीका गरहगना, २ लाख ९६ हजार ६ सय नगद तथा ३३ हजार ८ सय, २० हजार ९ सय र ५६ हजार ५ सयका दरले तीन वटा चेक समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका उनीहरु उपर आवश्यक अनुसन्धान सकिएपछि प्रहरीले आइतबार सम्पूर्ण घटना विवरण सार्वजनिक गरेको छ । दुबै जनाले प्रयोग गरेको मोटरसाइकल, बरामद गरगहना, नगद र चेकसहित उनीहरुलाई राजश्व अनुसन्धान कार्यालय इटहरी आवश्यक कारबाहीका लागि पठाइएको प्रहरीले जनाएको छ ।

## नम्बर नखुलेको मोटरसाइकलसहित सामान बरामद

**राजविराज**/भारतबाट भन्सार छलेर नेपालतर्फ नम्बर नखुलेको मोटरसाइकलमा ल्याउँदै गरेको किरानाका सामानहरु प्रहरीले बरामद गरेको छ ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. २ बनैनियाबाट प्रहरी चौकी झुटकीको गस्ती टोलीले भारतबाट नेपाल तर्फ भन्सार छलि ल्याउँदै गरेको नम्बर प्लेट नभएको मोटरसाइकलसहित कुरकुरे २ वोरा र नरिवलको तेल २४ पाकेट बरामद गरेको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

बरामद गरिएको मोटरसाइकलको १ लाख ४१ हजार २ सय तथा कुरकुरे र नरिवल तेलको गरि ६ हजार १ सय २० मुल्य मुल्याङ्न गरि आवश्यक कारबाहीका लागी प्रहरी चौकी झुट्कीमा राखिएको जनाइएको छ ।

### झरीले गर्मीबाट ...

बनेको थियो ।

अत्याधिक गर्मी र प्रचण्ड घामका कारण घरबाट कमै निस्कने गरेका सर्वसाधारण वर्षा सँगै मौसममा केही चिसोपना देखिएपछि छाता ओढेर पनि बाहिर निस्केका छन् ।

प्रचण्ड गर्मीले बाहिर निस्कन पनि कठिन हुँदा पंखाको हावाले पनि काम नगरेको अवस्थामा अहिले भएको वर्षाले केही शितलता प्रदान गरेको स्थानीय राम दासले बताए ।

राजविराज ७ का रामनारायण मेहताले वर्षाले निकै राहत महसुस भएको बताए । उनले हल्का भएपनि वर्षा भएर प्रचण्ड गर्मी र घामबाट राहत पाएकोले घर बाहिर निस्कन र आवश्यक काममा जुट्न सहज बनाएको बताए ।

### उचित मूल्य ...

सप्तरीलाई कम तथा २०/२५ प्रतिशत काम गर्ने अन्य जिल्लालाई बढी बजेट दिएर राज्यले विभेद गरेको उनले बताए ।

कार्यक्रममा आफ्नो कार्यकालमा देखाएको कुशलता वापत सेवानिवृत कार्यालय प्रमुख यादवलाई मन्त्री यादवले दोसल्ला तथा कदरपत्रबाट सम्मान गरे ।

राष्ट्रिय कृषक समूह महासंघ सप्तरीका अध्यक्ष तेजनारायण यादवको अध्यक्षतामा आयोजित समारोहमा महासंघका केन्द्रीय उपाध्यक्ष अमिरलाल यादव, केन्द्रीय सदस्य सुमित्रा चौधरी, महासंघको मधेश प्रदेश सचिव भूपेन्द्र प्रसाद यादव, जसपा नेता लक्ष्मण यादव, पत्रकार मनोज माझी, तिरुपती ट्रेडर्सका संचालक अशोक कुमार यादव लगायतले पनि बोल्दै जिल्लाको कृषि क्षेत्र र कार्यालयको व्यवस्थापन मजबुत बनाउन सेवानिवृत प्रमुख यादवको महत्वपूर्ण भुमिका रहेको बताएका थिए ।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्वा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्घि गर्ने ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## दिल्लीस्थित अफगानी दूतावास बन्द हुँदै

**नयाँदिल्ली**/नयाँदिल्लीमा रहेको अफगान दूतावास शनिबारदेखि बन्द हुने भएको छ । भारत सरकारको असहयोगका कारण दूतावास बन्द गर्नुपरेको दूतावासका एक जना सञ्चार अधिकृतले बताएका छन् ।

सन् २०२१ को अगष्टमा तालिबानले सत्ता कब्जा गर्नुअघि अफगान सरकारको प्रतिनिधित्व गरेका अधिकांश कूटनीतिक कर्मचारी स्वदेश फर्किएको महिनौँ भएको छभने रिक्तस्थानमा नयाँ नियुक्ति गरिएको छैन ।

भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ । जुन २०२२ मा नयाँ दिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोलीमात्र परिचालन गरेको छ ।

यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई एक पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा यही सेप्टेम्बर ३० देखि दूतावास बन्द हुने जानकारी दिइएको छ ।

गत जुनमा भारतका लागि अफगान राजदूत फरीद मामुन्दजाई नयाँ सत्तासँग आफ्नो कुनै राजनीतिक सम्बन्ध नभएको बताउँदै भारतबाट बेलायततर्फ प्रस्थान गरेका थिए ।

अफगान दूतावासले शिक्षा, कन्सुलर सेवा, मानवीय सहायता र अफगान व्यापारीहरूलाई व्यापार-वाणिज्यका मुद्दामा मद्दत गर्न नसकेको, भारतका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनको प्रतीक्षा गरिरहेका अफगान विद्यार्थीलाई सहयोग गर्न नपाएकोलगायत भारत सरकारका सम्बन्धित निकायको प्रशासनिक एवं कूटनीतिक असहयोगका कारण दूतावास बन्द गर्न बाध्य भएको भारतीय विदेशमन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ । उक्त पत्र नयाँदिल्ली र काबुलस्थित सञ्चारमाध्यमलाई पनि उपलब्ध गराइएको छ ।

अफगानिस्तानमा शासन परिवर्तनपछि भारतले विद्यार्थी भिसा जारी गर्न बन्द गरेपछि भारतका शैक्षिक संस्थाहरूमा भर्ना भएकाहरूलाई नयाँदिल्ली फर्कन असम्भव बनाएको थियो । यससम्बन्धमा भारतीय विदेश मन्त्रालयले जवाफ दिन अस्वीकार गरेको छ । एजेन्सी

## ह्वेल माछाले डुङ्गालाई ठक्कर दिएपछि...

**सिड्नी**/अस्ट्रेलियाको सिड्नीमा ह्वेल माछाले डुङ्गालाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने अन्य एक जना गम्भीर घाइते भएका छन् ।

न्यू साउथ वेल्स प्रहरीका अनुसार सिड्नीको दक्षिणमा रहेको बोटनी बेमा आपत्कालीन सेवाका अधिकारीहरूले समुद्री तटमा ढलेका एक जना ६१ वर्षीय वृद्धलाई उद्धारको प्रयास गर्दा उनी निष्प्राण भेटिएका जनाएका छन् । मृतक ती वृद्ध ढलेको स्थानभन्दा केही अर्को एक जनालाई गम्भीर अवस्थामा उद्धार गरी स्थानीय अस्पताल भर्ना गरिएको छ ।

मानवविहीन डुङ्गा बोटनी बेमा बारम्बार घुमिरहेको देखेपछि दुर्घटनाको आशङ्कामा आपत्कालीन सेवाका अधिकारी घटनास्थलमा पुगेका थिए ।

अज्ञानवश पीडितहरू धेरै ह्वेल भएका स्थानमा डुङ्गा लिएर पुग्दा यो दुर्घटना भएको उनीहरूले बताएका छन् । सुरक्षा अधिकारीहरूले दुर्घटनाको अनुसन्धान थालेका न्यु साउथ वेल्सका प्रहरी अधिकृत सिओभान मुनरोले बताएका छन् । एजेन्सी

## एयरबससँबाट बत्तीस विमान किन्दै क्याथे प्यासिफिक

**पेरिस**/हङकङको हवाई सेवा प्रदायक कम्पनी क्याथे प्यासिफिकले विमान निर्माता कम्पनी एयरबसबाट ३२ वटा ए३२० निओ विमान खरिद गर्ने भएको छ । क्याथे प्यासिफिकले चीन र एसियाली क्षेत्रमा सेवा विस्तारका लागि थप विमान खरिद गर्न लागेको हो ।

विमान खरिद गर्न भएको व्यावसायिक कारोबारको वास्तविक विवरण सार्वजनिक गरिएको छैन तर ती विमानको हालको बजार मूल्यका आधारमा तीन अर्ब २० करोड देखि चार अर्ब १० करोड अमेरिकी डलरसम्ममा सम्झौता भएको अनुमान गरिएको छ ।

एयरबसले आफ्ना सिङ्गल-आइल ए३२० विमान इन्धन खपतका आधारमा बोइङ कम्पनीका विमानभन्दा उत्कृष्ट रहेको दाबी गर्दै आएको छ । बोइङका ७३७ म्याक्स जहाजभन्दा ए३२० विमान कम इन्धन खपत गर्ने एयरबसको दाबी छ ।

क्याथे प्यासेफिक विश्वका अग्रणी एयरलाईन्समध्येको एक हो । यो कम्पनीले सन् २०१७ मा नै एयरबससँग त्यस्ता विमान खरिद गर्ने बताएको थियो । सोही वर्ष एयरबसलाई आपूर्तिका निम्ति दिइएको अर्डरमध्ये १३ वटा विमान क्याथेले प्राप्त गरीसकेको तथा थप १० विमान आगामी सन् २०२९ सम्ममा उपलब्ध हुने अपेक्षा गरिएको एयरबसले जनाएको छ । एजेन्सी

# साथीलाई अत्याधिक लागु औषध सेवन गराई मोबाईल र घडी लुट्नुका साथै हत्या गरेको खुलासा



**राजविराज**/सप्तरीको सुन्दरी खोला किनारमा एक यूवकको हत्या भएको घट्नामा संलग्न उनकै साथीलाई प्रहरीले पक्राउ गरेको छ ।

मोबाईल तथा घडी र नगद लुट्नका लागी आफ्नै साथीद्वारा ती यूवाको हत्या भएको प्रहरीले जनाएको छ । गत भदौं २१ गते कंचनरुप नगरपालिका ७ का २५ वर्षिय राहुल चौधरीको हत्या भएको थियो । सोही दिन साँझ ४:३० बजेतीर कंचनरुप नगरपालिका ९ सुन्दरी खोला किनारमा चौधरीको नग्न अवस्थामा मृत शरीर प्रहरीले फेला पारेको थियो ।

हत्याराले आत्महत्या वा अत्यधिक लागु पर्दाथ सेवन गरी मृत्यु भएको देखाउने प्रयास गरेपनि उनको हत्या नै भएको अनुमानसहित प्रहरीले अनुसन्धान सूरु गरेको थियो ।

प्रहरीले मृतकको शव पोस्टमार्टम रिपोर्ट, घटनास्थलको प्रकृति मुचुल्का लगायत प्राविधिक कोणबाट अनुसन्धान गरी विभिन्न व्यक्ती माथी सोधपुछ गरेको थियो । घट्नाका दिन राहुल सोही नगरपालिका ६ निवासी २८ वर्षिय साथी पशुपती रामसँग रहेको खुलेपछि प्रहरी अनुसन्धान पशुपती राम तर्फ सोभ्कियो ।

त्यस पछि रामलाई असोज ४ गते नियन्त्रणमा लिई अनुसन्धान गर्दा निशाना सहि साबित भयो । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज नेउपानेका अनुसार केही दिनको केरकार पछी रामले राहुलको हत्या गरेको स्वीकारेका छन् । प्रहरीका अनुसार रामले साथी राहुलसँग भएको मोबाईल तथा घडी लुट्ने योजना बनाएर सर्वप्रथम घुम्न जाउँ भनेर सीमावर्ती भारतीय बजार लिएर गएका थिए । त्यहा पुगेर रामले राहुललाई अत्याधिक मात्रामा लागु औषध सेवन गराएका थिए । त्यस पछि फर्केर सुन्दरी खोलाको किनारमा पुगी उनले राहुललाई थपलागु औषध खुवाई घाँटी अठ्याएर हत्या गरे ।

राहुलको मृत्यु भइसकेको आश्वस्त भएपछी रामले उनको गोजीमा रहेको मोबाईल, पर्स र हातमा लगाएको घडी भ्किके अनि जिऊको लुगा निकालेर नग्न बनाई हिडेको प्रहरी अनुसन्धानमा खुलेको छ ।

हत्यालाई आत्महत्या वा अध्याधिक लागु औषध सेवनबाट उनको मृत्यु भएको देखाउनका लागि रामबाट यस्तो प्रयास भएको प्रहरीको भनाई छ ।

लागू औषधको कुलत तथा आर्थिक संकटमा परेका रामले मोबाईल र घडी लुटपाट गर्ने उद्देश्यले प्रेरित भएर नै हत्या गरेको देखिएको प्रहरीको भनाई छ ।

प्रहरी हिरासतमा रहेका राममाथी कर्तब्य ज्यान मुद्दा दर्ता गरी सोमवार सप्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसन्धान तथा आश्यक कारवाही प्रकृया अघि बढाइएको जिल्ला प्रहरी कार्यलाय सप्तरीले जनाएको छ ।

# डेढ दर्जन टिकटक स्टार पक्राउ

**रौतहट**/होहल्ला गरेको आरोपमा प्रहरीले डेढ दर्जन टिकटक स्टारलाई नियन्त्रणमा लिई हिरासतमा राखेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख महेन्द्र कुमार श्रेष्ठका अनुसार सिया पैलेस होटेलमा मदिरा सेवन गरि होहल्ला तथा अभद्र व्यवहार गरेको आरोपमा टिकटक स्टार पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा गरुडा नगर पालिका १ जयनगरका राज कुमार साहसहितका टिकटक स्टार रहेका छन । पक्राउ गरिएका सबे दोषी नरहेको घटना बारे अनुसन्धान भई रहेको प्रहरी उपरीक्षक श्रेष्ठले बताए ।

सिया पैलेस होटलमा बसेका महिला डाक्टरको कोठा ढक्कयाई खोल्न लगाउने तथा अभद्र व्यबहार गरेको आरोपमा उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

विहिवार राति १२ बजे सम्म तलको हलमा अश्लील नृत्य तथा होहल्ला भई रहेको सुचना स्थानिय प्रशासनले पाएपछि प्रहरी पुगेको थियो । प्रहरी पुग्न साथ अन्दाजी डेढ सय भन्दा बढिको संख्यामा रहेका दर्शक भागेका थिए ।

# प्रेस युनियनका नवनिर्वाचित पदाधिकारीहरुको पदभार ग्रहण सम्पन्न




**राजविराज**/नेपाल प्रेस युनियन शाखा सप्तरीको नवनिर्वाचित पदाधिकारीहरुको पदभार ग्रहण कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षता तथा नेपाली कांग्रेस मधेश प्रदेशका सह-महामन्त्री बिन्दु कुमारी यादवको प्रमुख आतिथ्यमा नवनिर्वाचित पदाधिकारीहरुको पदस्थापना सम्पन्न भएको हो ।

प्रमुख अतिथी यादवले सडकमा आन्दोलनबाट नै समाजको परिवर्तन गर्न उतरदायित्व निर्वाह गराउन नसक्नु र लाखौं युवाहरु अवसर नपाएर बेरोजगार रहेको अवस्थामा युवा जनशक्तिलाई अगाडी नवढाए सम्म मुलुक माथि उठन नसक्ने बताइन् ।

नेपाली कांग्रेस सप्तरीका जिल्ला सचिव सनत कुमार मंडलले प्रेस युनियनको कार्यालय संचालन गर्नको लागी पार्टी कार्यालयको पहिलो तल्लाको नवनिर्मित कोठा मध्ये एउटा कोठा एक/दुई महिना भित्र हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल प्रेस युनियनका परामर्श समितिका सदस्य मुरली प्रसाद यादवले सप्तरीमा केही पत्रपत्रिका र युट्युबरका कारण दिनानुदिन पत्रकारिता क्षेत्रमा बिकृति बढदै गएको गुनासो गरे । उनले नयाँ पत्रकारहरुलाई पत्रकार अचारसंहिता सम्वन्धी जानकार हुनु आवश्यक रहेको बताँउदै नेपाल पत्रकार महासंको सदस्यता शुद्धिकरण अभियानले युनियन आवद्ध पत्रकारहरुको घाँटी निमुटिएको आरोप समेत लगाए ।

युनियनद्धारा आयोजित पदस्थापना कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मंडल, युनियनका केन्द्रिय सदस्य सुधा देव, मधेश प्रदेशका उपाध्यक्ष धीरेन्द्र प्रसाद साह, युनियन सप्तरीका संस्थापक सचिव अर्जुन प्रसाद यादव, पुर्व अध्यक्ष ओम प्रकाश शाह, निर्वाचन समितिका संयोजक गणेश लाल देव, प्रेस मञ्च सप्तरीका अध्यक्ष भुषण कुमार सिंह लगायतले नवनिर्वाचित पदाधिकारीलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका थिए ।

नेपाल प्रेस युनियनका अध्यक्ष श्रवण कुमार देवले नवनिर्वाचित अध्यक्ष बिनय कुमार कर्णलाई बैठक पुस्तिका हस्तान्तरण गर्दै नेतृत्वको जिम्मेवारी प्रदान गरे ।

कार्यक्रममा युनियनका उपाध्यक्ष नविनकुमार गुप्ता, उपाध्यक्ष ललिता साह, सचिव रमानन्द देव, सहसचिव परिष कर्ण, कोषाध्यक्ष राम नारायण यादव, सदस्य राज कुमार साह,लोकेन्द्र यादव, महेश्वर भारती, निरज मंडल, दिपेश देव जोशी, रंजित देवलाई प्रमाण-पत्र हस्तान्तरण गरिएको थियो ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*